**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं. ३५६**

**पुनरावेदन नं. ०७८-RB-०१७५**

**मुद्दाः– CASHEW HUSK नाम गरेको मालबस्तुको वर्गीकरण सम्बन्धी पुर्वादेश।**

| | |
|---|---|
| बारा जिल्ला जितपुर सिमरा उप-म.न.पा. वडा न. ७ स्थित पशुपति कत्था मिल्स प्रा.लि.को तर्फबाट अख्तियारप्राप्त सचालक ओमप्रकाश अग्रवाल......................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| भन्सार विभाग, बर्गीकरण तथा पुनरावलोकन शाखा त्रिपुरेश्वर, काठमाण्डौ ..........१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालयः- भन्सार विभाग, पुर्वादेश समिति त्रिपुरेश्वर, काठमाण्डौ

निर्णय गर्ने अधिकारीः- अध्यक्ष श्री नारायणप्रसाद सापकोटा

सदस्यः- श्री अच्युतप्रसाद शिवाकोटी

सदस्यः- श्री गणेशप्रसाद अर्याल

निर्णय मितिः– २०७८/०९/२२

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः-विद्वान अधिवक्ता श्री भानुभक्त पोखरेल

प्रत्यर्थीका तर्फबाटः- विद्धान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः** ×

भन्सार विभाग, पुर्वादेश समिति त्रिपुरेश्वर, काठमाण्डौबाट भएको मिति २०७८/०९/२२ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२ र ८९ बमोजिम पैठारीकर्ताको तर्फबाट पुनरावेदन दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. नेपाल राजपत्रमा प्रकाशित अर्थ मन्त्रालयको मिति २०७६।१०।२० गतेको सूचनाको दफा २ बमोजिम CASHEW HUSK नामक मालवस्तु आयात गर्नका लागि सो मालवस्तुको आयात हुनु पूर्व PASHUPATI KATTHA MILLS PVT. LTD, BARA, (EXIM CODE-6066901200147NP) ले वस्तु बर्गीकरण सम्बन्धमा पूर्वादिशका लागि बस्तुको विस्तृत विवरण खुल्ने कागजात र नमूना समेत संलग्न राखी भन्सार उपशीर्षक १२१३.००.०० बाट बर्गीकरण हुने दाबी सहित मिति २०७८/०४/३२ मा दिएको निवेदन.

२. प्राप्त नमूना अनुसारको मालवस्तुको प्रयोगशाला परीक्षण प्रतिवेदन तथा राय, बस्तुको प्रकृति, बिशेषता, प्रयोग, हार्मोनाईज्ड वस्तु वर्गीकरण तथा संकेतीकरण प्रणाली र यसको ब्याख्यात्मक टिप्पणी एवं इन्टरनेटमा उपलब्ध सूचना समेतका आधारमा हार्मोनाइज्ड वस्तु वर्गीकरणको व्याख्या सम्बन्धी सामान्य नियमहरुको नियम १ र ६ अनुसार भन्सार ऐन २०६४ को दफा ८९ बमोजिम अर्थ मन्त्रालयको मिति २०७६ । १०।२० गते नेपाल राजपत्रमा प्रकाशित मालवस्तुको वर्गीकरण तथा उत्पत्ति सम्बन्धमा पूर्वादेश जारी गर्ने सम्बन्धी सूचनाको दफा ३ अनुसार CASHEW HUSK लाई शीर्षक १४.०४ अन्तर्गत उपशीर्षक १४०४.९०.९० बाट वर्गीकरण गर्ने गरी पूर्वादेश समितिबाट मिति २०७८/०९/२२ मा भएको निर्णय।

३. पुनरावेदकले CASHEW HUSK HS code 1213.00.00 अन्तरर्गत पर्दछ भनी उत्पादक कम्पनी Origin Country ले बिभिन्न मुलुकमा पठाउदा CASHEW HUSK लाई HS code 1213.00.00 मा राखी Port of Discharge गरी पठाएको, यसभन्दा अगाडी विभिन्न उद्योगहरुका तर्फबाट विभिन्न भन्सार नाकाबाट CASHEW HUSK लाइ HS code 1213.00.00 अन्तरगत आयात गरिएको, Government of Nepal, Ministry of Agriculture and Livestock Development, Plant Quarantine and Pesticide Management ले HS code 1213.00.00 अन्तर्गत पर्ने भनी प्रमाणित गरिएको, विश्व भन्सार संगठनको हार्मोनाइज्ड सिष्टम, तथा सम्बन्धित बिशेषज्ञ वा राष्ट्रिय वा अन्तर्राष्ट्र्य निकायको अभ्यास, International convention on harmonized Systems ले समेत CASHEW HUSK लाई HS code 1213.00.00 मा राखी वर्गीकरण गरेकोले उक्त CASHEW HUSK नामक मालबस्तुको शीर्षक १४.०४ अन्तर्गत उपशीर्षक १४०४.९०.९० बाट वर्गीकरण गर्ने गरी बिपक्षी भन्सार विभाग, पुर्वादेश समितिको मिति २०७८।०९।२२ को निर्णय बदर गरी पुनरावेदकको सुरु दावी बमोजिम हुने गरी CASHEW HUSK लाई HS code 1213.00.00 मा राखी वर्गीकरण गरी पाउँ भनी पुनरावेदकको तर्फबाट यस न्यायाधिकरणमा दायर भएको मिति २०७७।०५।०७को पुनरावेदन पत्र।

४. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई पेशीको सूचना दिई नियमानुसार गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७।१०।०९ मा भएको आदेश

**<u>ठहर खण्ड</u>**

५. नियम बमोजिम पेशी सूचीमा चढि पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न प्रमाण अध्ययन गरी पुनरावेदकको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री भानुभक्त पोखरेलले CASHEW HUSK नामक मालबस्तुको शीर्षक १४.०४ अन्तर्गत उपशीर्षक १४०४.९०.९० बाट वर्गीकरण गर्ने गरी भन्सार विभाग, पुर्वादेश समितिबाट मिति २०७८।०९।२२ मा भएको निर्णय त्रुटीपूर्ण हुँदा सो पुर्वादेश समितिबाट भएको निर्णय बदर गरी पुनरावेदकको माग बमोजिम CASHEW HUSK लाई HS code 1213.00.00 मा राखी वर्गीकरण गर्नुपर्ने भनी गर्नु भएको बहस समेत सुनियो।

६. विपक्षी कार्यालयहरुको तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्धान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले भन्सार विभाग, पुर्वादेश समितिबाट CASHEW HUSK नामक मालबस्तुको शीर्षक १४.०४ अन्तर्गत उपशीर्षक १४०४.९०.९० बाट वर्गीकरण गर्ने गरी भएको निर्णय कानूनसम्मत रहेको हुँदा सदर होस भनी बहस प्रस्तुत गर्नुभयो।

७. पुनरावेदक पैठारीकर्ताका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज एवं प्रमाणहरुको अध्ययन गरी हेर्दा यसमा भन्सार विभाग, पुर्वादेश समितिबाट भएको निर्णय बदर हुनुपर्ने हो, वा होइन ? पुनरावेदकको माग दावी अनुसार CASHEW HUSK लाई HS code 1213.00.00 मा राखी वर्गीकरण गर्न मिल्छ वा मिल्दैन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

८. निर्णय तर्फ विचार गर्दा, वनस्पतीजन्य श्रोतबाट बनेको पहेंलो खैरो रंगको, कडा रुपमा रहेको काजु उत्पादन उद्योगको उप-उत्पादन रहेको समान्य भाषामा काजुको भुसी रहेको, FTIR Analysis गर्दा Matched with Arabic gum reference of FTIR भएको, EDX परीक्षण गर्दा K=0.349, S=0.089%, Plastic = 99.407% देखिएको, Tanic Acid को मात्रा Positive रहेको जसलाई पैठारीकर्ताले CASHEW HUSK भनी घोषणा गरेको देखिन्छ।

९. Cashew Husk नामक नमुनाको परीक्षण गर्दा tannic acid र gum arabic को उपस्थिति देखिएकोले यो वस्तु Cashew Husk बाट बनेको भन्ने देखिन्छ। सो वस्तुको सारतत्व extract नभई फल वा बीउको कभर (उपल्लो पत्र) वा Testa or seed Husk भएको देखिएको र उक्त वस्तु वनस्पतीजन्य श्रोतबाट बनेको अर्थात काजु उत्पादन उद्योगको byproduct भएको देखियो। भन्सार शीर्षक १२.१३ मा अन्न प्रजातीका अनप्रिपियर्ड स्टु बाहेक अन्य बस्तुहरु नपर्ने र प्राप्त नमूना अनुसारको बस्तु vegetable अर्थात बिरुवाजन्य अन्य उत्पादन भएको देखिन्छ। प्रत्यर्थी पुर्वादेश समितिको निष्कर्ष

बमोजिमको शीर्षक १४.०४ हेर्दा भाग १४ मा वनस्पतिका बुन्ने वाटिने (चोयापोया) चोयापोया पदार्थहरुः वनस्पतिका उत्पादनहरु, अन्यत्र नपरेको मालबस्तु पर्दछ भने उपशीर्षक १४०४.९०.९०. मा अन्यत्र नपरेका वनस्पति उत्पादन पर्ने देखिन आयो। यस आधारमा वनस्पतिजन्य स्रोतको उत्पादन सो Cashew Husk लाई उक्त शीर्षक १२.१३ मा वर्गीकरण गर्नु पर्ने भनी पुनरावेदकले लिएको जिकिर मनासिब देखिदैन।

१०. शीर्षक १४.०१ को सम्बन्धमा HS Explanatory Notes (2017) को पेज नं. 11-1404-1 मा Vegetable products not elsewhere specified or included भन्ने उल्लेख भएकोले अन्यत्र नपरेको वनस्पति उत्पादन यसै शीर्षक अन्तरगत वर्गीकरण हुने देखियो। Hs Explanatory Notes (2017) को पेज नं. II 1404-1 र II - 1404-2 मा भएको व्याख्या बमोजिम tanning Extracts उत्पादन गर्ने बस्तुहरु, ओखरको र आलमन्डका ख़पडा आदि समेत यसै शीर्षकबाट वर्गीकरण हुने उल्लेख भएको देखिएको र प्रस्तुत बस्तु समेत ओखर र आल्मन्डका हस्कहरुसँग मिल्दोजुल्दो देखिएको साथै प्रस्तुत वस्तु पशुपती कत्था मिल्स नामक उद्योगले पैठारी गरेको तथा त्यसबाट कत्था समेत उत्पादन गर्ने उद्देश्य लिएको र कत्थामा टेनिन, टेनिक एसिड एवं यस वर्गका योगिकहरु महत्वपूर्ण घटको रुपमा रहने कारण समेतबाट शिर्षक १४.०४ को व्याख्या दावीको बस्तुसंग सान्दर्भिक नै देखियो। पुनरावेदकले दिएको नमूनासंग मिल्दा जूल्दा बस्तुहरु ओखर र आल्मन्डका हस्कहरु शीर्षक १४.०४ मा पर्ने प्रष्ट उल्लेख भएको देखिएको र अन्तराष्ट्रिय भन्सार रुलिङ समेतमा काजु हस्कलाई शीर्षक १४.०४ अन्तर्गत वर्गीकरण गरेको देखिएकोले CASHEW HUSK नाम गरेको बस्तुलाई शीर्षक १४.०४ अन्तरगत उपशीर्षक १४०४.९०.९० बाट वर्गीकरणं गर्न ठोस र वस्तुपरक हुने देखिंदा भन्सार विभाग, पुर्वादेश समितिबाट जारी भएको पुर्वादेशलाई अन्यथा मान्न सकिएन।

११. तसर्थः माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट पुनरावेदकले माग गरेको CASHEW HUSK लाई शीर्षक १४.०४ अन्तर्गत उपशीर्षक १४०४.९०.९० बाट वर्गीकरण गर्ने गरी भन्सार विभाग, पुर्वादेश समितिको मिति २०७८।०९।२२ मा जारी गरेको पुर्वादेश मनासिवै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

## <u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनु।

२. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

३. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल भन्सार विभाग पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

इजलास अधिकृतः श्री भिष्म भट्टराई
इतिसम्बत २०८० साल बैशाख ७ गते रोज ५ शुभम...............................

प्रमाणिकरण मितिः-

फैसला प्रमाणिकरण गर्नेः- राजस्व न्यायधिकरण काठमाण्डौको छाप